# नमुना ३
# सहजकर्ताको लागि निर्देशिका

"वृद्धिको लागि मिसन" पाठ्यक्रम
स्वस्थ मण्डलीहरू स्थापना गर्नु

multiplication network

Revised 2018

# “बृद्धिको लागि मिशन”

मण्डली स्थापना पाठ्यक्रमको सरसरती अवलोकन

| | **नमूना १ स्वस्थ मण्डली स्थापना** | **नमूना २ सुसमाचार प्रचारको लागि तयारी** | **नमूना ३ परमेश्वरको योजनालाई बुझ्नु** | **नमूना ४ सुसमाचार प्रचार गर्नु** | **नमूना ५ मानिसहरुलाई विश्वासमा अगाडी बढाउनु** | **नमूना ६ चेलाहरुलाई हुर्काउनु** |
|---|---|---|---|---|---|---|
| **आराधना** | स्वस्थ मण्डलीको लागि वाइवलीय जगहरु | स्वस्थ मण्डलीहरुको लागि ईश्वरशास्त्रीय जगहरु | **स्वस्थ मण्डलीहरुको लागि मिशन सम्बन्धी जगहरु** | स्वस्थ मण्डलीहरुको लागि रणनैतिक जगहरु | सुसमाचारीय जीवन | इसाई बृद्धि: खीष्ट प्रमुख विषय (वा खीष्ट केन्द्रित) |
| **सेसन १** | **स्वस्थ मण्डली भनेको के हो ?** | **आत्मिक मापन: अनुसन्धानको सिद्धान्तहरु** | **परमेश्वरले मलाई के देखाइरहनु भएको छ?: आफ्नो अनुसन्धानलाई बताउनु** | **विश्वास द्धारा धर्मीकरण** | **सुसमाचारको बाधकहरु** | **महान आज्ञा र मण्डली स्थापना** |
| स्वस्थ मण्डलीको अवधारणा | स्पष्ट दर्शनलाई संचार गर्नु | मिशन, मूलपाठ र सन्दर्भ | दर्शन, मूलपाठ र सन्दर्भ | परमेश्वरका बोलावटमा निश्चियता भएको | सुसमाचार | सुसमाचार, चेलापन |
| **सेसन २** | **स्वस्थ मण्डली स्थापक भनेको के हो ?** | **यो हो जुन येशूले मेरो लागि गर्नुभएको थियो: तपाईको व्यक्तिगत गवाही तयार गर्नु र बताउनु** | **परमेश्वरले मलाई के देखाइरहनु भएको छ?: आफ्नो गवाही बताउनु र प्रार्थना गर्नु** | **अगुवापनको वाइवलीइ सिद्धान्तहरु** | **परिवर्तनको प्रक्रिया १** | **सफल चेला निर्माणको लागि उपायहरु** |
| स्वस्थ मण्डलीको अवधारणा | परमेश्वरका बोलावटमा निश्चियता भएको | सुसमाचर | दर्शन, मूलपाठ र सन्दर्भ | अगुवाहरुलाई सशक्त पार्नु | सुसमाचार | चेलापन |
| **सेसन ३** | **जेड-विचार परमेश्वरले के चाहनुहुन्छ?** | **सानो समूहहरुलाई अगुवाई गर्नु** | **मेरो मण्डली स्थापनाको गुरु योजना: परमेश्वरको दर्शनलाई थाहा गर्नु** | **सुसमाचार र मण्डली स्थापना** | **परिवर्तनको प्रक्रिया २** | **आफ्नो लक्ष्यलाई चिन्नु, आफ्नो मानिसलाई चिन्नु** |
| स्वस्थ मण्डलीको अवधारणा | स्पष्ट दर्शनलाई संचार गर्नु | सुसमाचार, चेलापन, अगुवाहरुलाई सशक्त पार्नु | स्पष्ट दर्शनलाई संचार गर्नु | सुसमाचार | सुसमाचार | चेलापन |
| **सेसन ४** | **मण्डली स्थापना चक्र** | **गहन वाइवल अध्ययन २: परमेश्वरको वचनलाई अवलोकन गर्नु** | **मेरो मण्डली स्थापनाको गुरु योजना: मिशनलाई परिभाषित गर्नु** | **सानो समूहको शुरुवात गर्नु** | **सानो समूहमा सुसमाचार** | **गहन वाइवल अध्ययन ४: परमेश्वरको वचनलाई लागु गर्नु** |
| स्वस्थ मण्डलीको अवधारणा | स्पष्ट दर्शनलाई संचार गर्नु | सुसमाचार, चेलापन | स्पष्ट दर्शनलाई संचार गर्नु | सुसमाचार, चेलापन | सुसमाचार | सुसमाचार, चेलापन |
| **सेसन ५** | **किन साना समूहहरु ?** | **तपाईको मण्डली स्थापनाको लागि प्रार्थना गर्न कसरी परिचालन गर्ने ?** | **मेरो मण्डली स्थापनाको गुरु योजना: मान्यताहरुलाई परिभाषित गर्नु** | **सुसमाचार र समूदायको आवश्यक्ताहरुलाई पुरा गर्नु** | **अभ्यास: सानो समूहको अनुभव** | **संसारको विचारधारालाई बुझ्नु** |
| स्वस्थ मण्डलीको अवधारणा | सुसमाचार, चेलापन | सुसमाचार | स्पष्ट दर्शनलाई संचार गर्नु | सेवा | सुसमाचार | परमेश्वरको बोलावटमा निश्चयता भएको |
| **सेसन ६** | **गहन वाइवल अध्ययन विधिहरु १: वाइवलले हामीलाई सिकाउन लगाउनु** | **प्रार्थना सँगति: भजनसँग्रह ९५** | **मेरो मण्डली स्थापनाको गुरु योजना: रणनितिहरुलाई परिभाषित गर्नु** | **गहन वाइवल अध्ययन ३: परमेश्वरको वचनलाई व्याख्या गर्नु** | **गुरुयोजनाको प्रस्तुति** | **प्रार्थना सँगति: परमेश्वरको विश्वासयोग्यताको लागि उहाँलाई धन्यवाद दिने** |
| स्वस्थ मण्डलीको अवधारणा | सुसमाचार, चेलापन | आराधना | स्पष्ट दर्शनलाई संचार गर्नु | सुसमाचार, चेलापन | अवधारणाहरुको संश्लेषण | आराधना |

| | नमूना ७<br>समूह निर्माण गर्नु | नमूना ८<br>समूह निर्माण गर्नु | नमूना ९<br>मानिसलाई वास्ता गर्नु | नमूना १०<br>मण्डली स्थापना गर्नु | नमूना ११<br>भविष्यको लागि योजना बनाउनु | नमूना १२<br>एकतामा अगाडी बढ्नु |
|---|---|---|---|---|---|---|
| **आराधना** | सुसमाचारद्धारा परिवर्तन | नम्रहरुको लागि अनुग्रह | प्रेम, सेवकाईको जग | ताकि संसारले विश्वास गरुन् : यूहन्ना १७ | मूल्य चुकाउनु | सम्पूर्ण संसारले नसुने सम्म |
| **सेसन १** | **मण्डलीको लागि वाइवलीय जगहरु** | **सामूहिक कार्यः अरुहरुको लागि प्रभावकारी रुपमा काम गर्नु** | **सम्बन्धगत सुसमाचार** | **मण्डलीको संस्थागत कार्यहरु** | **भण्डारेपनको परिचय** | **द्धन्दको समाधान गर्नु** |
| स्वस्थ मण्डलीको अवधारणा | अवधारणाहरुको संश्लेषण | अगुवाहरुलाई सशक्त पार्नु | साो समूहका सदस्यहरुलाई वास्ता गर्नु | अवधारणाहरुको संश्लेषण | स्रोतहरुको भण्डारेपन | सँगति |
| **सेसन २** | **मण्डलीः एक सजीव थोक** | **समूहको विकास** | **सँगति** | **आत्मिक वरदाहरुद्धारा सेवकाई** | **आर्थिक भण्डारेपन** | **प्रायश्चितको जीवन शैली** |
| स्वस्थ मण्डलीको अवधारणा | आधारणाहरुको संश्लेषण | अगुवाहरुलाई सशक्त पार्नु | सँगति | अंगलाई आत्मिक वरदानहरु अनुसार परिचालन गर्नु | स्रोतहरुको भण्डारेपन | सँगति |
| **सेसन ३** | **कहिले मानिसहरुको समूह एउटा मण्डली हुन्छ ?** | **सानो समूह छलफलको सक्रियता** | **हाम्रो समुदाय प्रति वास्ता गर्नु** | **कसरी आत्मिक वरदान सर्वेक्षणलाई प्रयोग गर्ने** | **रणनैतिक योजना कार्यशाला १** | **प्रायश्चित र पूर्नस्थापना : मण्डली अनुशासन** |
| स्वस्थ मण्डलीको अवधारणा | अवधारणाहरुको संश्लेषण | चेलापन | सुसमाचार, मूलपाठ, र सन्दर्भ | अंगलाई आत्मिक वरदानहरु अनुसार परिचालन गर्नु | | सँगति |
| **सेसन ४** | **गहन वाइवल अध्ययन विधि ५: गहन वाइवल अध्ययनलाई प्रयोग गर्ने तरीकाहरु** | **नयाँ सानो समूहका अगुवाहरुलाई तालिम दिनु** | **बृद्धि भईरहेको मण्डलीको विशेषताहरु** | **आत्मिक लडांईको पक्षहरु** | | **अगुवापन शैलीहरु** |
| स्वस्थ मण्डलीको अवधारणा | चेलापन | चेलापन, अगुवाहरुलाई सशक्त पार्नु | अवधारणाहरुको संश्लेषण | सँगति | | अगुवाहरुलाई सशक्त पार्नु |
| **सेसन ५** | **इसाई अगुवाको प्रोफाइल** | **अन्तरक्रियाको शैलहरु** | **सेवक अगुवापन** | **कसरी मण्डलीलाई आराधनामा अगुवाई गर्ने** | | **हाम्रो मण्डली र ख्रीष्टको वृहत अंग** |
| स्वस्थ मण्डलीको अवधारणा | अगुवाहरुलाई सशक्त पार्नु | अगुवाहरुलाई सशक्त पार्नु | अगुवाहरुलाई सशक्त पार्नु | आराधना | | सँगति |
| **सेसन ६** | **वाइवलीय प्रवचनः सन्देशलाई बुझ्नु** | **वाइवलीय प्रवचन २: स्रोतालाई बुझ्नु** | **प्रार्थना सँगतिः एफिसी ३-५** | **वाइवलीय प्रवचन ३: आफूलाई बुझ्नु** | | **प्रार्थना सँगतिः सुसमाचार फैलिनको लागि प्रार्थना** |
| स्वस्थ मण्डलीको अवधारणा | आराधना | आराधना | सँगति | सँगति | स्रोतहरुको भण्डारेपन, स्पष्ट दर्शनलाई संचार गर्नु | सुसमाचार |

# मिसनमा वृद्धि
# स्वस्थ मण्डलीहरू स्थापना गर्ने नमुना
# मल्टिप्लिकेसन नेटवर्क मिनिष्ट्रिज
# धेरै मण्डलीहरू/बलिया मण्डलीहरू

कपिराइट © २०१५

यो मण्डली स्थापनाको तालिम अबिज्ड ओमेगा पाठ्यक्रम र स्वस्थ मण्डली स्थापना गर्ने मल्टिप्लिकेसन नेट वर्क मिनिष्ट्रिजको संयुक्त कार्यक्रम हो ।

एमएनएमले मण्डली स्थापना गर्ने केन्द्रको तालिमबाट र वर्ल्ड मिनिष्ट्रिजबाट यस कार्यलाई मण्डलीमा प्रयोग गर्न अनुमति प्राप्त गरेको छ ।

तपाईंलाई यस समाग्रीलाई उत्पादन गर्न र वितरण गर्नलाई कुनै पनि स्वरुपमा निम्न प्रकारले अनुमति तथा उत्साह प्रदान गरिएको छ: १) तपाईंले यस पाठ्यक्रमको श्रेय दिनुहुन्छ, २) यदि कुनै कुरालाई सुधार गरिएको छ भने, तपाईंले सूचित गर्नुहुन्छ, ३) यसलाई पुन छपाउनु हुदा लाग्ने खर्चलाई तिर्न लगाउनुहुन्न, र ४) तपाईंले यसलाई १,००० प्रतिभन्दा बढी छपाउन सक्नुहुन्न ।

ओमेगा पाठ्यक्रम:
व्यवहारिक मण्डली स्थापनाको तालिम

कपिराइट © २०००, २००६ युनाइटेड वर्ल्ड मिसन

यस समाग्रीलाई सुरुमा अलाइन्स फर स्याटुरेसन चर्च प्लान्टिङको समूहले कपिराइट गरेको थियो, र पिटर डेनेकाको रसियाको सेवकाइ २५० को प्रसंगको समन्वयात्मक साझेदारीमा तयार पारिएको थियो ।

यदि तपाईंले यस समाग्रीलाई इन्टरनेटमा राख्न चाहनुहुन्छ, वा यी माथि दिइएको रूपरेखा भन्दा पनि बाहेक तरिकाले प्रयोग गर्ने चाहना राख्नुहुन्छ भने, कृपया युनाईटेड ट्रेड वर्ड मिसनमा सम्पर्क गर्नुहोस्, ATTN: Jay Weaver/omega, 9401-B southern Pine Blvd., charlotte, nc 28273-5596, or omega_course@alliancescp.org.
अनुवाद गर्न र तपाईंको परिवेशअनुसार अंगाल्नलाई पनि उत्साह प्रदान गरिन्छ ।

अनुवाद गर्ने र तपाईंको परिवेशअनुसार ढाल्नलाई पनि अनुमति प्रदान गरिएको छ ।

हामीले डा. जेरी ओाफर्ड, र डा. जेफ हालेलाई धन्यवाद दिँदछौं, किनकि यस महत्वपूर्ण समाग्रीलाई तयार गर्ने र वितरण गर्ने कार्यमा उहाँहरूको योगदान ठूलो छ ।
मिसन टु मल्टिप्लाई सम्पादकहरू गेरी तेजा र जुवान वागनभेल्ड

| | **पहिलो दिनमा हुने नमुना ३ तालिमको निम्ति प्रस्तावित तालिका** | |
|---|---|---|
| | नमुना ३ को परिचय | ८.०० |
| | आराधना | ८.१५ |
| | प्रतिवेदन प्रस्तुत | ८.३० |
| सेसन १ | परमेश्वरले मलाई देखाइहनुभएको कुरा आफ्नो अनुसन्धान बाँड्नु | ९.०० |
| | विश्राम | १०.०० |
| सेसन २ | परमेश्वरले मलाई के देखाइरहनुभएको : आफ्नो साक्षी र प्रार्थना हिँडाइको अनुभव बाँड्नु | १०.१५ |
| सेसन ३ | मेरो मण्डली स्थापना गुरु योजना : दर्शन | ११.१५ |
| | दिउँसोको खानाको समय | १२.१५ |
| सेसन ४ | मेरो मण्डली स्थापना गुरु योजना : मिशन | १.१५ |
| सेसन ५ | मेरो मण्डली स्थापना गुरु योजना : मूल्य-मान्यता | २.१५ |
| | विश्राम | ३.१५ |
| सेसन ६ | मेरो मण्डली स्थापना गुरुयोजना : रणनीति | ३.३० |
| | समापन | ४.३० |
| | पहिलो दिनको समाप्ति | ४.४५ |

# परमेश्वरको दर्शनलाई बुझ्नु

**नमूना - ३**

**सिकाइ उद्देश्यः**

- सहभागीहरु (क) दर्शन कथन, (ख) मिशन कथन, (ग) मूल्य-मान्यताको कथन, र (घ) मण्डली स्थापना रणनीतिका कार्यहरु र तिनका अन्तरहरु आफ्नै शब्दमा वर्णन गर्न सक्षम हुनेछन् ।
- सहभागीहरुले नयाँ मण्डली शुरुवातसित सम्बन्धित दर्शन कथन, मिशन कथन, मूल्य मान्यताको कथन र मण्डली स्थापना रणनीति निर्माण शुरु गर्नेछन् ।
- "मोड्युल ४ को कार्य-योजना" प्रयोग गरेर सहभागीहरुले तिनीहरुको आफ्नो पाष्टर, मण्डली नेतृत्वका सहायकहरु, र साथै मण्डली स्थापनामा संग्लग्न अन्य अगुवाहरु संग (उपयुक्त भए अनुसार) मिलेर आफ्नो दर्शन, मिशन, मूल्यमान्यता र रणनीति संशोधन गर्नेछन् ।

**सहजकर्तालाई टिप्पणी :** यद्यपि "सेसन ५ : मेरो मण्डली स्थापनाको गुरु योजना : मूल्य-मान्यताहरु" को लागि मोड्युल समय-तालिकामा एक घण्टाको समय छुट्याइएको भएतापनि लगभग ३० मिनेट जति मात्रै समय आवश्यक पर्न सक्नेछ । अधिकांश कार्यहरु मण्डली स्थापकको कार्ययोजना नमूना-४ मा नै पूरा भइसकेको हुनेछ । आवश्यक्ता अनुसार तपाईंले अतिरिक्त समय प्रयोग गर्न सक्नुहुनेछ, उदाहरणको लागि, अघिल्ला सामाग्रीको पुन-अवलोकन, शिक्षण, साना समूहहरुमा प्रार्थना, सहभागीहरुको प्रश्नहरु साथै चुनौतीहरुको सम्बोधन, वा केहि अगाडी नै सेसन सिध्याउन सक्नुहुन्छ ।

**१. मोड्युल–३ को परिचय ( १५ मिनेट)**

**सहजकर्ताका निम्ति परिचयात्मक टिप्पणीहरु (२ मिनेट)**

- सहभागीहरुलाई न्यानो, मित्रवत र उत्साहपूर्ण तवरले स्वागत गर्नुहोस् ।
- तालिमको दिनलाई परमेश्वरको महिमाको लागि समर्पण गर्दै सबै सहभागीहरुलाई छोटो सँयूक्त प्रार्थनामा अगुवाइ गर्नुहोस् ।

**आईसब्रेकर गतिविधि : परिचय (५ मिनेट)**

समूहमा भएका प्रत्येक व्यक्तिलाई कुनै प्रश्न सोच्न र समूहमा भएका अर्का व्यक्तिलाई सोध्नको निम्ति दुई मिनेट समय दिएको छ भनी बताइनेछ । प्रश्नहरु जति बढी उत्तम हुन्छन्, तपाईंले त्यति नै सिर्जनात्मक र रोचक जबाफ पाउनुहुनेछ । सबै जनाले प्रश्न सोचिसकेपछि सहभागीहरुलाई उभिन लगाउनुहोस्, अनि सकेसम्म दुई मिनेट भित्र धेरैभन्दा धेरै मानिसहरुलाई त्यो प्रश्न सोध्न लगाउनुहोस् । प्रत्येक व्यक्तिको नाम र तिनीहरुको जबाफ लेख्नुहोस् । दुई मिनेटपछि सबैलाई बस्न लगाउनुहोस् र तिनीहरुलाई एकअर्काको बारेमा सिकेको केही कुराहरु एकआपसमा बाँड्न लगाउनुहोस् ।

**दर्शन, मिशन, मूल्य-मान्यता, र रणनीतिको परिचय ( ८ मिनेट)**

- कालोपाटी, सेतोपाटी, वा भित्तामा टाँसिएका कागजको पानाहरुमा निम्न शब्दहरु लेख्नुहोस् : दर्शन, मिशन, मूल्य-मान्यता, र रणनीति ।

- समूहलाई यी प्रश्नहरु सोध्नुहोस् :
  १) तपाईंले यी अवधारणाहरुलाई कसरी परिभाषित गर्नुहुन्छ ?
  २) यी अवधारणाहरु एक आपसमा कसरी फरक छन् ?
  ३) मण्डली स्थापनासंग दर्शन, मिशन, मूल्य-मान्यता र रणनीतिको कस्तो सम्बन्ध छ ?

- **भन्नुहोस्,** "आज हामी सबै एकसाथ मण्डली स्थापनाको लागि दर्शन, मिशन, मूल्य-मान्यता, र रणनीतिको महत्व बारे अन्वेषण गर्न गइरहेका छौं । यी अवधारणाहरु मण्डलीको आफ्नो पहिचान र मण्डलीले किन आफूले गरेको कार्यहरु गर्छन् भन्ने व्यावहारिक तरिकाहरु हुन् । संक्षेपमा भन्नुपर्दा, यी अवधारणाहरुले मण्डलीको प्रकृति र मिशनको बारेमा वर्णन गर्दछ । जब हामीले मण्डली स्थपना गरिरहेका हुन्छौं, त्यस बेला हामीले मिशनशास्त्रीय (Missiologlical) (मिशनसित सम्बन्धित) सिद्धान्तहरु प्रयोग गरिरहेका हुन्छौं, यसैले स्वस्थ मण्डली स्थापना सम्बन्धी मिशनशास्त्रीय जग-केन्द्रित संक्षिप्त आराधनाद्धारा दर्शन, मिशन, मूल्य-मान्यता र रणनीति बारेमा अध्ययन गर्न शुरु गर्न लागिरहेकाछौं ।"

**आराधना**

# स्वस्थ मण्डलीहरु स्थापनाको लागि मिशनशास्त्रीय आधारहरु (१५ मिनेट)

**सहजकर्ताको लागि निर्देशनहरु** : स्वयम्-सेवकहरुलाई मण्डलीको मिशनको प्रत्येक धर्मशास्त्रीय आधारहरुको लागि बाइबलको खण्डहरु ठुलो स्वरमा पढ्न लगाउनुहोस् । सहभागीहरुलाई पढिएका खण्डहरुबाट हरेक मिशनशास्त्रीय सिद्धान्तहरु पत्ता लगाउन अगुवाई गर्नुहोस्  र उनीहरुको आ-आफ्नो कार्य-पुस्तिकाको खाली ठाउँमा भर्न अगुवाइ गर्नुहोस् ।

**प्रारम्भिक क्रियाकलाप (२ मिनेट)**

सहभागीहरुलाई नयाँ मण्डली स्थापना गर्नुका कारणहरुको बारेमा तिनीहरुको विचारहरु बाँड्न लगाउनुहोस् । यस सेसनमा कु-कुन कुराहरु उल्लेखित छन् सो हेर्नको निम्ति तिनीहरुलाई सुन्न भन्नुहोस् ।

**भक्तिपूर्ण बाइबल अध्ययन (१३ मिनेट)**

**सिद्धान्त-१** मण्डली के **हो** त ? (मण्डलीको सार/प्रकृति )

**पढ्नुहोस् :** १ पत्रुस २:९-१२; एफिसी ४:२४; १ कोरिन्थी १२ :१२-१३

**सोध्नुहोस् :** यी खण्डहरुबाट मण्डली तथा परमेश्वरको जनको विषयमा हामी के कुरा थाहा पाउँछौं ?

**भन्नुहोस्,** "परमेश्वरको मानिस बन्नलाई परमेश्वरद्वारा स्थापित समुदाय अर्थात् मण्डली, समाज र सृष्टिको रुपान्तरणको कारक पनि हो । मण्डली साँचो धार्मिकता र पवित्रतामा परमेश्वरजस्तै हुन ख्रीष्ट येशूमा सृष्टि भएको नयाँ मानव समुदाय हो । मण्डली भनेको परमेश्वरको आत्माद्वारा एउटै परिवारमा गाँसिएको ख्रीष्टको देह हो ।"

मण्डली साँचो धार्मिकता र पवित्रतामा परमेश्वर जस्तै हुन ख्रीष्ट येशूमा सृष्टि भएको नयाँ समुदाय हो । मण्डली भनेको परमेश्वरको आत्माद्वारा एउटै परिवारमा गाँसिएको ख्रीष्टको देह हो ।"

हो - सार - प्रकृति - जस्तै -समुदाय - ख्रीष्टको देह

**सिद्धान्त-२** मण्डलीले के **गर्दछ** ? (मण्डलीको कार्य/उद्देश्य)

**पढ्नुहोस् :** प्रेरित ६:१-७, प्रेरित ११: १९-२६, र १२:२५

**सोध्नुहोस् :** धर्मशास्त्रको यी खण्डहरुमा मण्डलीले के गरिरहेको पाइन्छ ?

**भन्नुहोस्,** "मण्डलीले के गर्दछ भन्ने कुरा मण्डली को हो भन्ने कुरामा आधारित हुन्छ । मण्डलीले येशू ख्रीष्टमा परमेश्वरको राज्यको घोषणा गर्दछ; आफ्नो विशेष परिवेशअनुसार सुसमाचारलाई समावेश गर्दछ, र त्यसपछि परमेश्वरको मिशनमा सहभागी हुँदछ । यहाँ विश्वासीहरुको सुसज्जिकरण मण्डलीको कार्यहरु : सुसमाचार घोषणा, सेवा, सेवकाई एकसाथ गइहरहेको देख्छौं । यी धर्मशास्त्रीय खण्डहरुले हामीलाई मण्डली मिशनमा रहेको परमेश्वरका मानिसहरु हुन् भन्ने कुराको स्मरण गराउँदछ । मण्डलीले आफ्नो **प्रकृति**अनुसार **कार्य** गर्दछ । जस्तो कि कुकुरले कुकुर भएकोले भुकेझैं मण्डलीले पनि आफू मण्डली भएकोले मिशनको कार्य गर्दछ ।"

मण्डलीले के गर्दछ भन्ने विषयचाहिँ मण्डली को हो भन्ने कुरामा आधारित हुन्छ ।

**सिद्धान्त–३** मण्डलीले आफ्नो कार्य **व्यवस्थित रुपमा गर्दछ** (मण्डलीको संरचना/सङ्गठन)

**पढ्नुहोस् :** प्रेरित ६:१-४

**सोध्नुहोस् :** चेलाहरुले कार्यलाई कसरी व्यवस्थित गर्ने निर्णय गरे ?

**भन्नुहोस्,** "अन्ततः, मण्डलीले आफ्नो उद्देश्य पूरा गर्ने तथा गराउने हेतुले तिनको परिवेश र तिनको कार्य रणनीति अनुसार आफैलाई व्यवस्थित र संरचित गर्दछ । मण्डलीले तिनलाई दिइएको कार्यलाई पूरा गर्ने उद्देश्यले आफ्नो कार्यहरुलाई स्वरुप प्रदान गर्दछ । पवित्र आत्माको निर्देशन गरे अनुसार मण्डलीले योजना बनाउने, कार्यान्वयनमा ल्याउने, मूल्याङ्कन गर्ने र तिनको मिशनलाई पक्ष्याउनको लागि परिवर्तन गर्ने कार्य गर्दछ । प्रमुख सिद्धान्त यो हो कि जब मण्डलीले आफ्नो प्रकृति र उद्देश्यलाई बुझ्दछ, उसले आफ्नो मिशनलाई हासिल गर्नको लागि आफ्नो सङ्गठनलाई संरचना प्रदान गर्नेछ ।"

मण्डलीले आफ्नो उद्देश्य पूरा गर्ने तथा गराउने हेतुले तिनको परिवेश र तिनको कार्य रणनीति अनुसार आफैलाई व्यवस्थित र संरचित गर्दछ ।

गर्दछ - कार्य - उद्देश्य - गर्दछ - को हो - कार्य - संरचना - सङ्गठन - व्यवस्थित - संरचित

**प्रतिवेदन प्रस्तुति (३० मिनेट)**

**सहजकर्ताको लागि निर्देशनहरु :**

- दिइएको प्रतिवेदन ढाँचालाई प्रयोग गरेर सहभागीहरुलाई नमूना–२ पूरा गरे पछिको आ-आफ्नो मण्डली स्थापना गतिविधि बारेमा बताउन अगुवाइ गर्नुहोस् ।
- विजयहरुको लागि उत्सव मनाउनुहोस्; निराश भएकाहरुलाई उत्साह दिनुहोस् । समयले भ्याएमा सहभागीहरुको मण्डली स्थापनाको सम्बन्धित अनुभवहरुको लागि एकअर्काको निम्ति प्रार्थना गर्न सक्नुहुनेछ ।
- प्रतिवेदन प्रस्तुति बारेमा सबै प्रश्नहरुको जवाफ दिनुहोस् ।

# मण्डली स्थापकको विवरण

मासिक प्रतिवेदन

## सामान्य जानकारी

| | | | | |
|---|---|---|---|---|
| **मासिक प्रतिवेदन** | | **मेन्टोरिँग भेलामा सहभागीता** | **छ** | **छैन** |
| **स्थापकको नाम** | | | | |
| **स्थापकको क्षेत्र** | | | | |
| **क्षेत्रीय निर्देशक** | | | | |

## व्यक्तिगत जानकारी

| | |
|---|---|
| **नयाँ सम्पर्कहरु**<br>मण्डली स्थापनाको सन्दर्भमा सुसमाचार प्रस्तुत गर्ने क्रममा सम्पर्क गरिएका व्यक्तिहरु | |
| **नयाँ जन्म पाएकाहरु**<br>येशूलाई ग्रहण गर्नेहरु | |
| **नयाँ बप्तिष्मा भएका व्यक्तिहरु**<br>बप्तिष्माको विधिमा सहभागी भएका व्यक्तिहरु | |
| **तालिममा नयाँ अगुवाहरु**<br>स्थापकले अगुवापनको लागि तालिम दिइरहेका व्यक्तिहरु | |

## सानो समूह । कम्तिमा २ जना नयाँ चेलाहरु र १ जना अगुवा

| | |
|---|---|
| **नयाँ सानो समूहहरु**<br>यो महिना शूरु भएका समूहहरु | |
| **सानो समूहमा नयाँ सहभागीहरु**<br>यो महिना सानो समूहमा सहभागी भएका नयाँ व्यक्तिहरु | |
| **समूह सहितको नयाँ अगुवाहरु**<br>मण्डली स्थापकको निरिक्षणमा सँचालित समूह सहितको नयाँ अगुवाहरु | |

## प्रार्थनाको अनुरोधहरु

१. ____________________

२. ____________________

३. ____________________

## गवाहीहरु

____________________

____________________

____________________

____________________

____________________

____________________

____________________

सेसन–१

# परमेश्वरले मलाई देखाइरहनुभएको कुरा
## आफ्नो अनुसन्धान बाँड्नु (६० मिनेट)

**भन्नुहोस्,** "नमूना-१ मा तपाईंलाई मोड्युल-२ को लागि "कार्य-योजना : तपाईंको 'जेड' योजना" पूरा गर्न भनिएको थियो । नमूना २मा, तपाईंले मण्डली स्थापना गर्ने योजना राख्नुभएको क्षेत्रको अनुसन्धान गर्न भनिएको थियो । यस गृहकार्यमा दिएको तीन वटा प्रश्नहरुले तपाईंलाई केही आधारभूत तथा प्रारम्भिक अनुसन्धान गर्नका निम्ति प्रक्रिया उपलब्ध गराइएको छ । अनुसन्धानको विषयमा गहन रुपमा प्रवेश गर्नुअघि, यस गृहकार्यबाट तपाईंले पत्ता लगाउनुभएको कुराहरुको प्रतिवेदन प्रस्तुत गर्न छुट्याउनुहोस् ।"

**सहजकर्ताको निम्ति निर्देशनहरु :**

- ती-तीन जनाको समूह बनाउनुहोस् र नमूना–२मा भएको नमूना–३ को निम्ति 'कार्य योजनाको ढाँचा' प्रयोग गरेर सहभागीहरुले गरेका गृहकार्यको नतिजा बाँडचुड गर्न प्रत्येकलाई १५ मिनेट समय दिनुहोस् । सजिलोको लागि ढाँचा फेरी राखिएको छ ।
- सहभागीहरुको गतिविधिहरु अवलोकन गर्न प्रत्येक समूहमा घुम्नुहोस् ।
- यदि गृहकार्य पूरा नगर्ने कोही छन् भने विश्रामको समयमा उनीहरुसित व्यक्तिगत रुपमा कुराकानी गर्ने समय निकाल्नुहोस् । उनीहरुलाई आगामी तालिमको सेसन अगाडी नै गृहकार्य पूरा गर्नको निम्ति योजना बनाउन लगाउनुहोस् ।
- सेसनको अन्तिम १५ मिनेट समय वृहत समूहमा गृहकार्यको बारेमा वर्णन गर्नको लागि प्रयोग गर्नुहोस् ।
- प्रस्तुतिकरणको ढाँचा : हरेक सहभागीको प्रतिवेदन १० देखि १५ मिनेट लामो हुनुपर्छ र उक्त प्रतिवेदनमा निम्नि जानकारीहरु समावेश हुनुपर्दछ :

**१. भाग एक – सङ्कलित आधारभूत जानकारी (५-७ मिनेट)**

आफ्नो लक्षित क्षेत्रको वर्णन गर्नुहोस् ।

- कसरी तपाईले त्यो जानकारीलाई संकलन गर्नुभयो (सर्बेक्षण, अनौपचारिक अन्तर्वार्ताहरू, अवलोकन वा मापन, पुस्तकालयद्धारा अनुसन्धान आदि) ?
- तपाईले के कस्ता महत्वपुर्ण समस्याहरु वा कठिनाइहरू सामना गर्नु भयो र तिनीहरूलाई कसरी समाधान गर्नुभयो भन्ने बारेमा छलफल गर्नुहोस् । अर्को पटक तपाईंले कसरी अनुसन्धानलाई फरक तरिकाले गर्नुहुनेछ ?

**२. भाग दुई – जानकारीको विश्लेषण (५-८ मिनेट)**

प्रस्तुतिको बाँकी भाग तपाईंको अनुसन्धानद्वारा प्राप्त परिणाममा केन्द्रित हुनुपर्दछ । प्रस्तुतिले निम्न प्रमुख प्रश्नहरुको जबाफ दिएको हुनुपर्दछ :

- तपाईंले आफ्नो लक्षित क्षेत्र र त्यहाँ बसोबास गर्ने मानिसहरूको बारेमा सबैभन्दा चाखलाग्दो जानकारी के थाहा गर्नुभयो ?
- के त्यहाँ भएको कुनै जानकारीले तपाईंलाई आश्चर्यचकित पारेको थियो ?
- तपाईंको लक्षित क्षेत्रमा मण्डली स्थापनाको निम्ति तपाईंलाई योजना निर्धारण गर्न सहायता पुग्ने मुख्य कुराहरु के सिक्नुभयो ?
- मण्डली स्थापनाको लागि तपाईंलाई अगाडि नै कटनीको क्षेत्रको बारे थाहा भएको महत्वपूर्ण तथ्य कुन थियो ?
- मण्डली स्थापना कार्यको निम्ति तपाईंको कटनीको क्षेत्रको बारेमा तपाईंलाई अगाडि नै थाहा नभएको कुरा के पत्ता लगाउनुभयो ?
- तपाईंले सुसमाचारको निम्ति खुल्ला ढोकाको रूपमा के कस्ता मौकाहरु पत्ता लगाउनुभयो ?
- के कस्ता बाधाहरु तपाईंले पत्ता लगाउनुभयो र तिनीहरूमाथि कसरी विजय प्राप्त गर्न सकिनेछ ?
- तपाईको लक्षित क्षेत्रमा बृहत सुसमाचारको विकास गर्न र मण्डली स्थापना गर्ने योजनाको लागि तपाईले गर्नुपर्ने थप अनुसन्धानहरु के के हुन् ?

सेसन-२

# परमेश्वरले मलाई के देखाइरहनुभएको :

## आफ्नो साक्षी र प्रार्थना हिँडाइको अनुभव बाँड्नु

(६० मिनेट)

**सहजकर्ताको लागि निर्देशनहरु :** यो नमूना-२बाट नमूना-३को लागि साक्षी र प्रार्थना हिँडाइ कार्य-योजनाको एउटा प्रतिवेदन हो ।

- सहभागीहरुलाई ती-तीन जनाको समूहमा विभाजन गर्नुहोस् ।
- हरेकलाई गएको सेसन देखियता परिमार्जन गरेर सार्वजनिक रुपमा बाँडचुड गरिएको व्यक्तिगत साक्षीलाई बाँड्न लगाउनुहोस् ।
- सानो समूहभित्र, हरेक व्यक्तिलाई उनीहरुका लक्षित क्षेत्रका मानिसहरुलाई बताइएका व्यक्तिगत गवाही र प्रार्थनाको हिँडाईको अनुभवहरु बाँड्न लगाउनुहोस् ।
- सहभागीहरुको गतिविधिहरु अवलोकन गर्न प्रत्येक समूहमा घुम्नुहोस् ।
- यदि गृहकार्य पूरा नगर्ने कोही छन् भने विश्रामको समयमा उनीहरुसित व्यक्तिगत रुपमा कुराकानी गर्ने समय निकाल्नुहोस् । उनीहरुलाई आगामी तालिमको सेसन अगाडी नै गृहकार्य पूरा गर्नको निम्ति योजना बनाउन लगाउनुहोस् ।
- सेसनको अन्तिम १५ मिनेट समय वृहत समूहमा गृहकार्यको बारेमा वर्णन गर्नको लागि प्रयोग गर्नुहोस् ।

सेसन-३

# मेरो मण्डली स्थापना
# गुरु योजना : दर्शन (६० मिनेट)

## दर्शन कथन कसरी तयार गर्ने

**सहजकर्ताको लागि निर्देशनहरु :** दर्शन कथनको अवधारणालाई परिचित गराउन तल दिइएको सामाग्रीलाई प्रयोग गर्नुहोस् । अगामी गतिविधिहरु पूरा गर्न सहभागीहरुलाई अगुवाइ गर्नुहोस् ।

दर्शन कथन भनेको परमेश्वरले तपाईको मण्डली कस्तो भएको चाहना राख्नुभएको छ भन्ने विश्वासको स्पष्ट र सरल वर्णन हो । दर्शनले सैद्धान्तिक अवस्थामा तपाईको मण्डलीको समग्र तस्वीर सञ्चार गरेको हुनुपर्दछ तर निश्चित कार्यको लागि मानिसहरु केन्द्रित रहन विशिष्ट हुनुपर्दछ । साथै, दर्शनले पहिल्यै हासिल भइसकेको कुराको नभएर तपाईले कार्य गर्नुपर्ने दिशातर्फको अवस्था बारेमा वर्णन गर्नुपर्छ ।

तपाईंको आफ्नो लक्षित क्षेत्रको निम्ति दर्शन सान्दर्भिक हुनको लागि तपाईंको दर्शन कथनले तपाईले अनुसन्धानमा पत्ता लगाउनुभएको कुरालाई प्रतिविम्बित गरेको हुनुपर्दछ ।

### दर्शन घोषणाका चार वटा उदाहरणहरु ( १५ मिनेट)

१) "हामी पवित्र आत्माले भरपूर ख्रीष्टको स्वरुपमा बढ्दै जाने मण्डली हुनेछौं ।"
२) "हामी हाम्रो समुदायको अन्धकारमा ख्रीष्टको ज्योति बन्नेछौं ।"
३) "हामी हाम्रो विश्वासी समुदाय, शहर, र संसारको अन्य भागहरुमा ख्रीष्टको धार्मिकताद्धारा र आशामा चम्कने विश्वासको समुदाय हुनेछौं ।"
४) "हामी हाम्रो समुदाय, क्षेत्र र संसारभर हराएका मानिसहरुलाई सेवा गर्ने धार्मिक र विश्वासयोग्य विश्वासी समुदाय बन्नेछौं ।"

याद गर्नुहोस् कि प्रत्येक दर्शन कथनले परमेश्वरको मण्डली कस्तो हुनुपर्छ भनी उहाँको वचनमा सिकाउनु भएको कुराको प्रतिविम्बित गर्दछ । यद्यपि कथनहरु दर्शन कथन जतिकै प्रभावकारीतामा बराबर हुँदैनन् ।

परमेश्वर - वर्णन - तस्वीर - दिशातर्फ

१. **'प्रथम कथन'** ले हाल आंशिक रुपमा सत्य हुन सक्ने र समय वित्दै गएपछि सुधारिने अवस्थाको वर्णन गर्छ । यसमा कुन कार्य गर्ने भन्ने विश्वासी समुदाय वा सेवकाइको निर्दिष्ट विशेषताहरु समावेश हुँदैनन् ।

२.**'दोस्रो कथन'** अझ अस्पष्ट हुन्छ र कुनै पनि समयमा विभिन्न तरीकाले सत्य हुन सक्छ । फेरि भन्नुपर्दा, यसमा पनि विश्वासी समुदाय वा कुनै सेवा कार्यको स्तरको विशेषताहरु उल्लेख भएको हुँदैन ।

३.**'तेस्रो कथन'** केहि पूर्ण हुन्छ, किनकि यसले विश्वासी समुदायको (ख्रीष्टमा धर्मी र आशा राख्ने) र साथै उनीहरुले सेवा गर्ने क्षेत्रको (विश्वासी समुदाय, शहर र संसारका कुनै पनि भागहरुको) विशेषताहरुको वर्णन गर्दछ । विशेषताहरु र सेवकाइको पहुँच दुवै कार्य गर्नुपर्ने तत्वहरु हुन् ।

४.**'चौथो कथन'** सबैभन्दा पूर्ण हुन्छ । यसले विश्वासी समुदायको विशेषताहरु, सेवकाईको लक्षित सेवाग्राही, र सेवकाइको भौतिक पहुँचको बारेमा जानकारी दिइएको छ । यी आदर्शहरु स्पष्ट रुपमा व्यक्त गरिएको र साथै यसको सार वाइवलीय हुन्छ ।

## गतिविधिहरु (४५ मिनेट)

१. तपाईंको सानो समूहहरुमा वा जोडीमा, नयाँ विश्वासी समुदाय वाइवलीय सिद्धान्तअनुसार एकदमै सही छ भनी मानेर तपाईको नयाँ झुण्डलाई चित्रण गर्ने विभिन्न शब्दहरुको सूची बनाउनुहोस् - परमेश्वरले यो झुण्ड यस्तो बनेको चाहनुहुन्छ भन्ने तपाईले विश्वास गरे अनुसार । कतिपय शब्दहरु यस्ता हुन सक्छन् : धर्मी, विश्वासयोग्य, प्रेमिलो, आनन्दित, दयालु, उदार, आदि । यी शब्दहरुले विश्वासी समुदायको चरित्र वा विशेषताको चित्रण गर्दछन् । यी प्रत्येक वर्णनात्मक शब्दको प्रयोग गरी तल दिइएको वाक्यलाई पूरा गर्न गर्नुहोस्:

परमेश्वर हामी यस्तो भएको चाहनुहुन्छ कि.....

..............................................................................................................................

..............................................................................................................................

२. त्यसपछि, यो वाक्यलाई पूरा गरेर तपाईले विश्वास गरे अनुसार तपाईंले सेवा पुऱ्याउनुपर्ने समूहको सूची बनाउनुहोस् :

परमेश्वरले हामीलाई .............. (कसलाई)सेवा गरेको चाहनुहुन्छ ।

..............................................................................................................................

..............................................................................................................................

३. अन्त्यमा, तपाईंको नयाँ विश्वासी समुदायले तिनको आदर्शको अवस्थामा गरिरहने विभिन्न गतिविधिहरुको सूची बनाउनुहोस् । उदाहरणको लागि वाक्यांशहरु यस्ता हुन सक्छन् :

- संसारमा सुसमाचार फैलाउने
- हाम्रो समुदायको सबै उमेर समूहका मानिसहरु बीच सेवकाइ गर्ने
- सबै सदस्यहरुलाई आत्मिक चेलापनमा संलग्न गराउने
- आर्थिक सामर्थ्यमा नियमित रुपमा बढ्दै जाने

यस वाक्यलाई पूरा गरेर तपाईंले यी गतिविधिहरुको सूची बनाउन सक्नुहुनेछ :

४. हामीले निम्न कुराद्वारा आफ्नो विशेषताहरुलाई प्रदर्शन गर्नेछौं :

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

५. अब, आफ्नो साथी वा सानो समूहसित तपाईंको विश्वासी समुदायको आदर्शमय चरित्रको बारेमा, मण्डलीले सेवा पुऱ्याउने मानिसहरुको बारेमा, र तपाईको विश्वासी समुदायको आदर्शमय गतिविधिहरुलाई ईंकित गर्ने वाक्यांशहरुको बारेमा छलफल गर्नुहोस् । प्रत्येक सूचीमा भएका तीन वटा अति महत्त्वपूर्ण शब्दहरु छान्नुहोस् र तल लेख्नुहोस् ।

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

६. अन्त्यमा, दर्शन कथन लेख्नुहोस् जसले अति महत्त्वपूर्ण वर्णनात्मक शब्दहरु, सेवा पाउनेहरु, र कार्य वाक्यांशहरु प्रयोग गरेको हुन्छ । ( नमूनाको लागि माथि दिईएको तेस्रो वा चौथो दर्शन कथनलाई नमुनाको रुपमा प्रयोग गर्न सक्नुहुन्छ ।)

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

तपाईंले लेख्नुभएको दर्शन कथनलाई वृहत समूहमा बाँड्नुहोस् । तपाईंले चलाउनुभएको शब्दहरु स्पष्ट भए-नभएको र तपाईंको विचारहरुलाई दुरुस्तै संचार गरेको निश्चित गर्न सबै सहभागीहरुसित मिलेर वृहत समूहमा रुपमा गृहकार्य गर्नुहोस् ।

७. बाँडचुड गरिएको सुझावहरुको टिपोट गर्नुहोस्, र दर्शन कथनलाई अन्तिम रुप दिनुहोस् ।

.......................................................................................................................
.......................................................................................................................
.......................................................................................................................

८.यस दर्शनलाई पुष्टि गर्ने बाइबलीय खण्डहरु के के हुन् ?

.......................................................................................................................
.......................................................................................................................
.......................................................................................................................

९. दर्शन कथनलाई स्पष्ट र सरल बनाउन त्यसलाई परिमार्जन गर्नुहोस् । तपाईंले यो दर्शन कथनलाई कसरी प्रवर्तन समूहलाई संचार गर्न र दर्शनलाई तिनीहरुको आफ्नो बनाउनलाई निमन्त्रणा दिन सक्नुहुन्छ ? यस दर्शनलाई सहायता गर्नको निम्ति विश्वासी समूदायले के कुरा बुझ्नु पर्ने र विश्वास गर्नुपर्ने हुन्छ ? विश्वासी समूदायलाई यो कुरा गर्न तपाईंले कसरी मद्दत पुऱ्याउन सक्नुहुन्छ ?

.......................................................................................................................
